# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ढल्केवर धनुषा
मधेश प्रदेश नेपाल

शिक्षा,युवा तथा खेलकुद शाखा

प.सं:-२०८१/०८२
च.नं:- १५६८

मितिः २०८१/०२/१४
ने.सं. ११४५ तछलाथ्व पारू

श्री सम्पुर्ण बिध्यालयहरू,
मिथिला नथगरपालिका,ढल्केवर,धनुषा ।

**बिषय::::IEMIS अध्यावधिक गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा शिक्षा तथा मानवस्रोत बिकास केन्द्रको च.नं.४७ मिति २०८२/०१/०२ गतेको प्राप्त पत्रानुसार सबै प्रकार र तह (सामुदायिक, संस्थागत र परम्परागत धार्मिक) का विद्यालयहरूबाट प्रत्येक शैक्षिक सत्रको सुरु र अन्त्यमा क्रमशः Flash 1 Flash II School Census अन्तर्गत विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा विद्यालय शिक्षासँग सम्बन्धित तथ्याङ्क सूचनाहरू Web based System मा व्यवस्थापन गरी तिनको सङ्कलन, एकीकरण, विश्लेषण, प्रतिवेदन तयारी, प्रबोधीकरण र प्रकाशन गर्दै सोका आधारमा योजना निर्माण, कार्यान्वयन, अनुगमन अनुगमन तथा मूल्याङ्कनका कार्यहरू हुँदै आइरहेको व्यहोरा विदितै छ।

यसै सन्दर्भमा शैक्षिक सत्र २०८२ को विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क मिति २०८२ जेठ मसान्तभित्र सबै प्रकारका विद्यालयहरुले देहायअनुसार अद्यावधिक गर्नुहुन अनुरोध छ। यस विषयमा कुनै द्विविधा भएमा युट्युव (IEMIS CEHRD Nepal), Facebook (Iemis Cehrd Nepal) Viber (IEMIS CEHRD Viber Community) मा रहेका सूचना तथा जानकारी अध्ययन गर्नुहुन समेत अनुरोध छ।

विद्यालयहरुले गर्नुपर्ने कार्यः

क) विद्यालयले यस प्रणालीमा भएका सबै विवरण प्रधानाध्यापकको रोहवरमा यथार्थ रूपमा अद्यावधिक गर्ने, (सो नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले) सबै विवरणहरू त्रुटिरहित तरिकाले सतर्कतापूर्वक भर्ने अद्यावधिक गर्ने। वास्तविक विवरण नभरेको अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट बञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने

ख) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको वेवपेज (https://emis.cehrd.gov.np) खोलेर युजर (विद्यालयको IEMIS कोड) र आफ्नो पासवर्ड प्रयोग गरी लगइन गर्ने ।

ग) सामाजिक परीक्षण (IEMIS बाट प्राप्त हुने School Report Card प्रयोग गरी) र आर्थिक परीक्षण गरेको, विद्यालय सुधार योजना बनेको अद्यावधिक भएको, विद्यालय व्यवस्थाप समिति र शिक्षक अभिभावक संघ गठन मिति लगायतका सबै विवरणहरु अनिवार्यरूपमा अध्यावधिक गर्न गराउनु हुन।

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

शिक्षा,युवा तथा खेलकुद शाखा

घ) Dashboard को सुरुमा रहेको School Profile (Basic Profile, ECED Information Management & others) मा रहेका विवरणहरू अद्यावधिक गर्ने

ङ) Student Information मेनुको Scholarship मा गएर छात्रवृत्तिको विवरण भर्ने र विद्यार्थीको वार्षिक हाजिरी दिन प्रविष्ट गर्ने

च) Manage Exam मा गएर विद्यार्थीहरूको शैक्षिक सत्र २०८१ को अन्तिम परीक्षाको उपलब्धि विवरण प्रविष्टि गर्ने

छ) Student Information मा गएर Update मेनुमा विद्यार्थीको शैक्षिक उपलब्धिको आधारमा Passed, Passed & Transfer, Double promoted, Repeated, Repeated & Transfer, Dropout) गर्ने

ज) आफ्नो विद्यालयबाट अन्यत्र विद्यालयमा स्थानान्तरण भई जाने विद्यार्थीलाई Student Record मा रहेको Student Transfer मा गई उक्त विद्यार्थी जुन विद्यालयमा गई भर्ना भएको छ सो विद्यालय छानी Transfer Click गर्ने

झ) Transfer भई आएका विद्यार्थीको विवरण Student Accept मा गई विद्यार्थीको लिस्ट हेरी Accept गर्नेपूर्व प्राथमिक तह (ECED/PPC) का सबै र कक्षा १ मा (ECEDIPPO को अनुभव लिई कक्षा १ मा आएका बाहेकका) भर्ना हुन आएका बालबालिकालाई मात्र Add Student मा विवरण प्रविष्ट गर्ने।
कक्षा २ वा सो भन्दा माथिल्लो कक्षामा भर्ना हुन आउने विद्यार्थीको हकमा अघिल्लो विद्यालयबाट स्थानान्तरण प्रमाणपत्र (IEMIS को रजिष्ट्रेशन नम्बर सहित) ल्याउन लगाई Student Accept मा रहेका विद्यार्थी Search गरी आफ्नो विद्यालयमा भर्ना हुन आएको विद्यार्थीको विवरण Accept गर्ने । अघिल्लो विद्यालयले Transfer गर्न बाँकी रहेछ भने उक्त विद्यालयलाई Transfer गर्न अनुरोध गरी विद्यार्थी विवरण Accept गर्ने

ञ) सबै विद्यालय (ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका हरुले आआफ्नो विद्यालयको IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने। विगतदेखि सञ्चालनमा रहेका तर हालसम्म IEMIS कोड प्रास नगरेका वा शैक्षिक सत्र २०८२ देखि सञ्चालनमा आएका नयाँ विद्यालय भए मिति २०८२ जेष्ठ मसान्तभित्र स्थानीय तहमार्फत कोड प्रास गरी विवरण अद्यावधिक गर्ने

ट) Dashboard मा रहेको Teacher/Staff Menu गइ शिक्षक तथा कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने । कतिपय विद्यालयहरूको शिक्षक कर्मचारी विवरण सिस्टममा अध्यावधिक नभएको देखिएको हुँदा विद्यालयमा रहेको शिक्षक दरबन्दी (राहत समेत) विवरणसमेत अध्यावधिक गरी विद्यालयमा कार्यरत शिक्षक कर्मचारी विवरण अध्यावधिक गर्ने

ठ) SMC Menu मा गइ विद्यालय व्यवस्थापन समिति सम्बन्धी विवरण अद्यावधिक गर्ने

ड) Infras. (Infrastructure) Inventory Menu मा गइ विद्यालयमा रहेका सम्पूर्ण भौतिक संरचना र विद्यालय नक्शाङ्कन (School Mapping) सम्बन्धी विवरण अद्यावधिक गर्ने

ढ) बाढीपहिरो, हावा हुरी, भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षतिसम्बन्धी विवरण भर्ने स्थानहरू भएकाले यदि उपर्युक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा EiE Menu रहेका सम्पूर्ण विवरण तत्काल अपडेट गर्ने

ण) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन लिई सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in Community School- TECS) सञ्चालन गरिरहेका सामुदायिक माध्यमिक विद्यालयहरुले उक्त कार्यक्रम अन्तर्गत (Pre-diploma/Diploma) अध्ययनरत विद्यार्थीको विवरण पनि यस प्रणालीमा प्रविष्ट गर्ने

त) प्राविधिक धार, विशेष विद्यालय, स्रोत कक्षा सञ्चालित विद्यालयहरूले Basic profile मा रहेको सम्बन्धित विकल्प छनोट गर्ने र Student Record को Student Information को Action button बाट प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थी छनोट गरी Flag गर्ने

अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
**श्री सूचना प्रबिधि शाखा वेबसाइडमा अपलोड गरिदिनुहुन ।**